# स्थानीय राजपत्र

## माडी नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय

**बसन्तपुर,चितवन**

**बागमती प्रदेश नेपाल**

**माडी नगरपालिकाद्वारा प्रकाशित**

**खण्डः १०  श्रावण १ गते, २०८३ संख्या-१**

## भाग-१
## आर्थिक ऐन, २०८३

**नेपालको संविधान बमोजिम माडी नगर सभाले बनाएको तल उल्लेख भए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ**

## माडी नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन ,२०८३

**नगरसभावाट स्वीकृत मिति २०८३/०३/१०**

**प्रस्तावना:** माडी नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम माडी नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ**

(१) यस ऐनको नाम "आर्थिक ऐन, २०८३" रहेको छ ।

(२) यो बिधेयक २०८३ साल श्रावण १ गतेदेखि माडी नगरपालिका क्षेत्र भित्र लागू हुनेछ ।

२. **सम्पति कर तथा भुमिकर (मालपोत)**

माडी नगरपालिका क्षेत्रभित्र अनुसूची (१) बमोजिम नगरपालिका क्षेत्रभित्रका घर र जग्गामा सम्पत्ति कर लगाई असुल उपर गरिनेछ । घरको मूल्याङ्कन अनुसूची १(क) अनुसार, घरको बनौटको आधारमा ह्रास कट्टी अनुसूची १(ख) अनुसार र जग्गाको भुमिकर तथा मालपोत असुली अनुसूची (२) अनुसार गरिनेछ ।

३. **घर वहाल कर**

माडी नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

४. **व्यवसाय कर**

माडी नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

५. **जडिबुटी, कवाडी र जीवजन्तु कर**

माडी नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

६. **सवारी साधन कर**

माडी नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।

७. **विज्ञापन कर**

माडी नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **मनोरन्जन कर**

माडी नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसायमा लाग्ने कर प्रदेशले निर्धारण गरे बमोजिम हुनेछ । ।तर, प्रदेश कानुनमा नतोकिएकोमा पालिकाले तोके बमोजिम हुनेछ ।

९. **बहाल बिटौरी शुल्क**

माडी नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका र सरकारी प्रकृतिको जग्गा र जग्गामा निर्माण भएका घर, टहरामा अनुसूचि (८) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१०. **पार्किङ शुल्क**

माडी नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (९) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

११. **सेवा शुल्क तथा सिफारिस, प्रमाणित दस्तुर**

माडी नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि(१०)मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. **घर नक्सा पास दस्तुर**

नगरपालिकाले आफनो क्षेत्रभित्र अनुसूचि (११) मा उल्लेखित दरमा घर नक्सापास दस्तुर लगाइने र असुल गरिनेछ ।

१३. **गिट्टी बालुवा ढुंगा एवम् माटो जन्य वस्तु विक्री शुल्क**

नगरपालिकाले आफनो क्षेत्रभित्र अनुसूचि (१२) मा उल्लेखित दरमा गिट्टी बालुवा ढुंगा एवम् माटो जन्य वस्तु विक्री शुल्क तथा सेवा शुल्क असुल गरिनेछ । प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१४. **मेसिनरी औजार, हेभी उपकरणको सेवा शुल्क**

माडी नगरपालिकाको स्वामित्वमा रहेका मेसिनरी औजार, हेभी उपकरणहरुको प्रयोग वापतको सेवा शुल्क अनुसुची-१३ बमोजिम असुल गरिने छ ।

१५. **विविध कर तथा शुल्क**

नगरपालिकाले आफनो क्षेत्रभित्रको शिक्षा, स्वास्थ्य सरसफाई जस्ता क्षेत्रको सुधार गर्ने प्रयोजनका लागि अनुसूची (१४) अनुसारको कर लगाईने र असुल गरिने छ ।

१६. **पर्यटन शुल्क**

माडी नगरपालिका आफ्नो  क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूचि (१५) बमोजिम पर्यटन शुल्क लगाइने र असूल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१७. **सिलबन्दी दरभाउपत्र सम्बन्धी :** यस नगरपालिकाको अन्तरिक राजश्व श्रोत वृद्धि गर्न स्थानीय स्थलहरुको संरक्षण, सम्बर्द्धन तथा व्यबस्थापन गर्ने प्रयोजनार्थ सिलबन्दी दरभाउ पत्र (ठेक्कमा) मार्फत कार्य गर्न सकिने छ ।

१८. **घरजग्गा रजिष्ट्रेशन शुल्क**

माडी नगरपालिका क्षेत्र भित्रका घर जग्गा वा अन्य सम्पत्तिहरुको रजिष्ट्रेसन पारित गर्दा लाग्ने रजिष्ट्रेसन शुल्क प्रदेश सरकारले तोके बमोजिम असुल उपर गरिनेछ । घरजग्गा रजिष्ट्रेशन शुल्क उठाउन नगरपालिकामा साधन, स्रोत, प्रविधि, जनशक्ति तथा कार्यालय व्यवस्थापन नभए सम्म नेपाल सरकारले तोकेको कार्यालय मार्फत उठाईनेछ।

१९. **दण्ड जरिवाना सम्वन्धी**

क) नगरपालिका क्षेत्रभित्र निषेध गरिएका सार्वजनिक सडक तथा फुटपाथमा सवारी साधन पार्किङ्ग वा व्यापार व्यवसाय गर्ने वा फोहरमैला तथा निर्माण सामाग्रीबाट उत्सर्जित फोहोर एवं प्रचलित कानुन विपरीतका कार्य गरेमा त्यस्तो सामान जफत गर्ने वा लिलामी गर्ने वा फोहर मैला व्यावस्थापन ऐन बमोजिम जरिवाना गरिनेछ । माडी नगरपालिका, नगर कार्यपालिकाले समय समयमा यस ब्यवस्थामा थपघट, पुनरावलोकन गर्न सक्नेछ । यस ऐन बमोजिमको तिर्नु पर्ने कर समयमा दाखिला नगरेमा देहाय जरिवाना सहित असुल गरिने छ ।

ख) नगरपालिकालाई तिर्नु वा बुझाउनु पर्ने कर शुल्क तोकिएको समयमा नबुझाएमा बक्यौतामा पहिलो बर्ष १५ प्रतिशत र दोस्रो बर्षवाट २० प्रतिशतका दरले जरीवाना सहित बक्यौता असुल गरिने छ ।

ग) प्रत्येक महिनाको पहिलो हप्ता भित्र सुचना प्रणाली मार्फत प्रतिवेदन पेश नगर्ने सहकारी संस्थालाइ मासिक ५०० का दरले जरिवाना असुल गरिने छ ।

२०. **नियम वा कार्यविधि बनाउन सक्नेः**

माडी नगरपालिका नगर कार्यपालिकाले यस ऐनमा भएका व्यवस्थाहरुको कार्यान्वयनका लागि आवश्यक नियम वा कार्यविधि बनाउन सक्नेछ ।

२१. **अन्य व्यबस्था**

माडी नगरपालिकाका विषयगत शाखा, वडा तथा अन्य कार्यालयहरुबाट सेवा प्रवाह गर्दा सेवाग्राहीले बुझाउनु पर्ने कर, शुल्क, दस्तुर तथा जरिवानालाई सेवासँग आबद्ध गरी अनिवार्य असुल उपर गरी सेवा प्रवाह गर्नु पर्नेछ ।

२२. **कर छुट तथा जरिवाना**

क) बार्षिक रुपमा तिर्नु बुझाउनु  पर्ने  सबै किसिमका कर र फोहरमैला व्यवस्थापन सेवा शुल्क एकमुष्ट रुपमा सोही आर्थिक बर्षको  पौष मसान्त भित्र  बुझाउने करदातालाई नियमानुसार लाग्ने करमा दश प्रतिशत छुट दिइनेछ।

विगत देखि संचालन हुँदै आएका र व्यवसाय कर नतिरेका व्यवसायीहरु दर्ता हुन आएमा लाग्ने जरिवानाको ८० प्रतिशत जरिवाना छुट दिइनेछ।

ख) महिला उद्यमी एवम् व्यवसायीहरुलाई व्यवसाय करमा २० प्रतिशत छुट दिइनेछ ।

ग) व्यवसायिक फर्म वा संस्थाले पाँच जना भन्दा बढी स्थानीय व्यक्तिहरुलाई रोजगारी दिएमा व्यवसाय करमा १० प्रतिशत छुट दिइनेछ । दस जना भन्दा बढी स्थानीय व्यक्तिहरुलाई रोजगारी दिएमा व्यवसाय करमा २० प्रतिशत छुट दिइनेछ ।

२३. यस ऐनको कार्यान्वयनको क्रममा कुनै बाधा आईपरेमा माडी नगरपालिका नगर कार्यपालिकालाई बाधा अड्काउ फुकाउने अधिकार रहनेछ ।

| अनुसूची- १ | |
|---|---|
| नगरपालिकाले आफ्नो क्षेत्र भित्र लगाउन सक्ने सम्पतिकरको दर | |
| मुल्याङ्कन दर | **बार्षिक दर** |
| पाँचलाख रुपैयाँ सम्मको मूल्यांकनमा | एक मुष्ठ रु १५० (एक सय पचास) |
| पाँच लाख एक देखी पचास लाख रुपैयाँसम्म | प्रति लाख रु ३५(पैतीस ) |
| पचास लाख एक देखि एक करोड रुपैयाँसम्म | प्रति लाख ४० (रु पैंतालिस) |
| एक करोड एक देखि दुइ करोड रुपैयाँसम्म | प्रति लाख ४५ (रु पैंतालिस) |
| दुइ करोड एक देखि तिन करोड रुपैयाँसम्म | प्रति लाख ५० (रु पचास) |
| तिन करोड एक देखि चार करोड रुपैयाँसम्म | प्रति लाख ५५ (रु पचपन्न ) |
| चार करोड एक देखि पाँच करोड रुपैयाँसम्म | प्रति लाख ६० (रु साठी ) |
| पाँच करोड भन्दा माथि | प्रति लाख ६५ (रु पैसाठ्ठी) |

| अनुसूची १(क) | | | |
|---|---|---|---|
| नगरपालिकाले आफ्नो क्षेत्र भित्रका घरको मूल्यांकन दर | | | |
| क्र.स. | समुह/उप समुह | दर-रेटको नाम | मुल्याङ्कनकन को दर (प्रतिवर्ग फिट |
| १ | नगरपालिकाको घरहरु | आ सि सि फ्रेमजस्ताको छाना | ६५० |
| २ | नगरपालिकाको घरहरु | सिमेन्टको जोडाईमा इटटाको, ढुंडगाको गारो आर सि सि ढलान | ९०० |
| ३ | नगरपालिकाको घरहरु | माटोको जोडाईमा इटटाको, ढुडगाको, ब्लकको गारो जस्ता स्लेटको छाना | ३५० |
| ४ | नगरपालिकाको घरहरु | आर सि सि फ्रेमआर सि सि ढलान | ११०० |
| ५ | नगरपालिकाको घरहरु | सिमेन्टको जोडाईमा इटटाको, ढुडग्गाको, ब्लकको गारो जस्ता स्लेटको छाना | ४०० |
| ६ | नगरपालिकाको घरहरु | माटोको जोडाईमा ईटटाको, ढुडगाको, ब्लकको गारो खरको छाना | १०० |
| ७ | नगरपालिकाको घरहरु | माटोको जोडाईमा ईटटाको, ढुडगाको, ब्लकको गारो खरको छाना | १०० |

| | | | |
|---|---|---|---|
| ८ | नगरपालिकाको घरहरु | माटोको जोडाईमा ईटटाको, ढुङगाको गारो आर सि सि ढलान | ७५० |
| ९ | पर्खाल | सबै प्रकार | २५ |

अनुसुची १(ख)

यस ऐन बमोजिम सम्पत्तिको ह्रासकट्टी गर्ने तरीका (युनिफर्म चार्ज मेथड) को फिक्सड इन्सटल्मेण्ट् मेथड अनुसार हुनेछ। यसको गणना देहाय बमोजिम गर्नु पर्नेछ।

सुत्रः

ह्रासकट्टी रकम = सम्पत्तिको प्रारम्भिक मूल्य - अनुमानित शेष मुल्यसम्पत्तिको आयू वर्ष

**अनुसुचि २**

**क्षेत्र अनुसार जग्गाको मालपोत तथा भुमिकरको मुल्याङ्कन विवरण तथा दर**

**आ.ब. ०८३-०८४ को न्यूनतम मूल्यांकन बिबरण**

**माडी नगरपालिका वडा नं. १**

**साविक गर्दी गा.वि.स**

| क्र.सं | विवरण | औद्योगिक क्षेत्र | आवासीय क्षेत्र | व्यवसायिक क्षेत्र | कृषि क्षेत्र |
|---|---|---|---|---|---|
| १ | बनकट्टा पुल देखि गर्दी चौतारासम्म हुलाकी सडकले छोएको दायाँ बायाँ जग्गा | १२,००,०००।- | १२,००,०००।- | १२,६०,०००।- | ३,००,०००।- |
| २ | गर्दी चौतारा देखि वडा कार्यालयसम्मको दायाँ बायाँ जग्गा | १५,००,०००।- | १५,००,०००।- | १५,७५,०००।- | ३,००,०००।- |
| ३ | वडा कार्यालय देखि चिताही खोलासम्मको दायाँ बायाँ जग्गा | ३०,००,०००।- | ३०,००,०००।- | ३१,५०,०००।- | ३,००,०००।- |
| ४ | बरुवा बजार देखि सो.मा.बि जाने भित्री पिचबाटोको दायाँ बायाँ जग्गा | १५,००,०००।- | १५,००,०००।- | १५,७५,०००।- | ३,००,०००।- |
| ५ | वडा नं. १ को भित्रि पिच बाटोको दायाँ बायाँ जग्गा | १०,००,०००।- | १०,००,०००।- | १०,५०,०००।- | ३,००,०००।- |
| ६ | वडा नं. १ को भित्रि घडेरी जग्गा | ६,००,०००।— | ६,००,०००।— | ६,३०,०००।- | ३,००,०००।- |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | रिउ खोला पुल देखि निकुञ्ज सिमा जोडिएको बाटो भएको जग्गा | ४,००,०००।- | ४,००,०००।- | ४,२०,०००।- | ३,००,०००।- |
| ८ | वडा नं. १ को बाटो भएको खेती योग्य जग्गा | - | - | - | ३,००,०००।- |
| ९ | वडा नं. १ को बाटो नभएको जग्गा | - | - | - | २,००,०००।- |

**माडी नगरपालिका वडा नं. २**
**साविक गर्दी र बघौडा गा.वि.स**

| क्र.सं | विवरण | औद्योगिक क्षेत्र | आवासीय क्षेत्र | व्यवसायिक क्षेत्र | कृषि क्षेत्र |
|---|---|---|---|---|---|
| १ | चिताही खोला देखि लौगाईसम्म हुलाकी सडकको दायाँ बायाँ जग्गा | १६,००,०००।- | १६,००,०००।- | १६,८०,०००।- | ३,००,०००।- |
| २ | बरुवा बजार देखि दुध डेरी हुदै चिताही खोलासम्म जाने भित्रि पिच बाटोको दायाँ बायाँ जग्गा | १५,००,०००।- | १५,००,०००।- | १५,७५,०००।- | ३,००,०००।- |
| ३ | वडा नं. २ को भित्रि पिच बाटोको दायाँ बायाँ जग्गा | १०,००,०००।- | १०,००,०००।- | १०,५०,०००।- | ३,००,०००।- |
| ४ | वडा नं. २ को भित्रि घडेरी जग्गा | ६,००,०००।- | ६,००,०००।- | ६,३०,०००।- | ३,००,०००।- |
| ५ | वडा नं. २ को बाटो भएको खेती योग्य जग्गा | - | - | - | ३,००,०००।- |
| ६ | वडा नं. २ को बाटो नभएको जग्गा | - | - | - | २,००,०००।- |

**माडी नगरपालिका वडा नं. ३**
**साविक बघौडा गा.वि.स**

| क्र.सं | विवरण | औद्योगिक क्षेत्र | आवासीय क्षेत्र | व्यवसायिक क्षेत्र | कृषि क्षेत्र |
|---|---|---|---|---|---|
| १ | मगोइ खोला देखि पेट्रोल पम्प सम्मको हुलाकी सडकको दायाँ बायाँ जग्गा | २०,००,०००।- | २०,००,०००।- | २१,००,०००।- | ३,००,०००।- |
| २ | पेट्रोल पम्प देखि ईलाका प्रहरी कार्यालयसम्मको हुलाकी सडकको दायाँ बायाँ जग्गा | ५०,००,०००।- | ५०,००,०००।- | ५२,५०,०००।- | ३,००,०००।- |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | सहिद चोक देखि ईनारबरुवा चोकसम्मको दायाँ बायाँ जग्गा | २०,००,०००।- | २०,००,०००।- | २१,००,०००।- | ३,००,०००।- |
| ४ | फिल्महल चोक देखि फिल्महल हुदै टिकाराम पौडेलको घरसम्मको जग्गा | २०,००,०००।- | २०,००,०००।- | २१,००,०००।- | ३,००,०००।- |
| ५ | वडा नं. ३ को भित्रि पिच बाटोको दायाँ बायाँ | १०,००,०००।- | १०,००,०००।- | १०,५०,०००।- | ३,००,०००।- |
| ६ | वडा नं. ३ को भित्रि घडेरी जग्गा | ६,००,०००।- | ६,००,०००।- | ६,३०,०००।- | ३,००,०००।- |
| ७ | वडा नं. ३ को बाटो भएको खेती योग्य | - | - | - | ३,००,०००।- |
| ८ | वडा नं. ३ को बाटो नभएको जग्गा | - | - | - | २,००,०००।- |

**माडी नगरपालिका वडा नं. ४**

**साविक बघौडा र गर्दी गा.वि.स**

| क्र.सं | विवरण | औद्योगिक क्षेत्र | आवासीय क्षेत्र | व्यवसायिक क्षेत्र | कृषि क्षेत्र |
|---|---|---|---|---|---|
| १ | लौगाई देखि सिधुवा चोकसम्मको हुलाकी सडकले छोएको जग्गा | १५,००,०००।- | १५,००,०००।- | १५,७५,०००।- | ३,००,०००।- |
| २ | वडा नं. ४ को भित्रि पिच बाटोको दायाँ बायाँ | १०,००,०००।- | १०,००,०००।- | १०,५०,०००।- | ३,००,०००।- |
| २ | वडा नं. ४ को भित्रि घडेरी जग्गा | ६,००,०००।- | ६,००,०००।- | ६,३०,०००।- | ३,००,०००।- |
| ३ | वडा नं. ४ को बाटो भएको खेती योग्य जग्गा | - | - | - | ३,००,०००।- |
| ४ | वडा नं. ४ को बाटो नभएको जग्गा | - | - | - | २,००,०००।- |

**माडी नगरपालिका वडा नं. ५**

**साविक बघौडा र माडी कल्याणपुर गा.वि.स**

| क्र.सं | विवरण | औद्योगिक क्षेत्र | आवासीय क्षेत्र | व्यवसायिक क्षेत्र | कृषि क्षेत्र |
|---|---|---|---|---|---|
| १ | पेट्रोल पम्प देखि नारायण फेन्सी अगाडीको कल्भटसम्म हुलाकी सडकले छोएको जग्गा | ५०,००,०००।- | ५०,००,०००।- | ५२,५०,०००।- | ३,००,०००।- |
| २ | शहिदचोक देखि बिद्युत कार्यालय,माडी क्याम्पस हुदै | २०,००,०००।- | २०,००,०००।- | २१,००,०००।- | ३,००,०००।- |

| | | | | | |
|---|---|---|---|---|---|
| | सामुदायिक रेडियो माडीसम्मको दायाँ बायाँ जग्गा | | | | |
| ३ | वडा नं. ५ को भित्रि पिच बाटोको दायाँ बायाँ | १०,००,०००।- | १०,००,०००।- | १०,५०,०००।- | ३,००,०००।- |
| ४ | वडा नं. ५ को भित्रि घडेरी जग्गा | ६,००,०००।- | ६,००,०००।- | ६,३०,०००।- | ३,००,०००।- |
| ५ | वडा नं. ५ को बाटो भएको खेती योग्य | - | - | - | ३,००,०००।- |
| ६ | वडा नं. ५ को बाटो नभएको जग्गा | - | - | - | २,००,०००।- |

**माडी नगरपालिका वडा नं. ६**

**साविक बघौडा र माडी कल्याणपुर गा.वि.स**

| क्र.सं | विवरण | औद्योगिक क्षेत्र | आवासीय क्षेत्र | व्यवसायिक क्षेत्र | कृषि क्षेत्र |
|---|---|---|---|---|---|
| १ | ईलाका प्रहरी कार्यालय देखि प्रहरी चौकी कल्याणपुरसम्मको हुलाकी सडकको दायाँ बायाँ जग्गा | २०,००,०००।- | २०,००,०००।- | २१,००,०००।- | ३,००,०००।- |
| २ | प्रहरी चौकी कल्याणपुर देखि रिमाल खोलासम्मको हुलाकी सडकको दायाँ बायाँ जग्गा | १५,००,०००।- | १५,००,०००।- | १५,७५,०००।- | ३,००,०००।- |
| ३ | वडा नं. ६ को भित्रि पिच बाटोको दायाँ बायाँ जग्गा | ८,००,०००।- | ८,००,०००।- | ८,४०,०००।- | ३,००,०००।- |
| ४ | वडा नं. ६ को भित्रि घडेरी जग्गा | ६,००,०००।- | ६,००,०००।- | ६,३०,०००।- | ३,००,०००।- |
| ५ | वडा नं. ६ को बाटो भएको खेती योग्य जग्गा | - | - | - | ३,००,०००।- |
| ६ | वडा नं. ६ को बाटो नभएको जग्गा | - | - | - | २,००,०००।- |

**माडी नगरपालिका वडा नं. ७**

**साविक माडी कल्याणपुर र अयोध्यापुरी गा.वि.स**

| क्र.सं | विवरण | औद्योगिक क्षेत्र | आवासीय क्षेत्र | व्यवसायिक क्षेत्र | कृषि क्षेत्र |
|---|---|---|---|---|---|
| १ | रिमाल खोला देखि परुई खोलासम्मको हुलाकी सडकको दायाँ बायाँ जग्गा | १५,००,०००।- | १५,००,०००।- | १५,७५,०००।- | ३,००,०००।- |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | वडा नं. ७ को भित्रि पिच बाटोको दायाँ बायाँ जग्गा | ८,००,०००।- | ८,००,०००।- | ८,४०,०००।- | ३,००,०००।- |
| ३ | वडा नं. ७ को भित्रि घडेरी जग्गा | ६,००,०००।- | ६,००,०००।- | ६,३०,०००।- | ३,००,०००।- |
| ४ | वडा नं. ७ को बाटो भएको खेती योग्य | | | | ३,००,०००।- |
| ५ | वडा नं. ७ को बाटो नभएको जग्गा | | | | २,००,०००।- |

**माडी नगरपालिका वडा नं. ८**
**साविक अयोध्यापुरी गा.वि.स**

| क्र.सं | विवरण | औद्योगिक क्षेत्र | आवासीय क्षेत्र | व्यवसायिक क्षेत्र | कृषि क्षेत्र |
|---|---|---|---|---|---|
| १ | परुई खोला देखि घाघर खोलासम्मको हुलाकी सडकको दायाँ बायाँ जग्गा | १२,००,०००।- | १२,००,०००।- | १२,६०,०००।- | ३,००,०००।- |
| २ | वडा नं. ८ को भित्रि पिच बाटोको दायाँ बायाँ जग्गा | ८,००,०००।- | ८,००,०००।- | ८,४०,०००।- | ३,००,०००।- |
| ३ | वडा नं. ८ को भित्रि घडेरी जग्गा | ६,००,०००।- | ६,००,०००।- | ६,३०,०००।- | ३,००,०००।- |
| ४ | वडा नं. ८ को बाटो भएको खेती योग्य जग्गा | - | - | - | ३,००,०००।- |
| ५ | वडा नं. ८ को बाटो नभएको जग्गा | - | - | - | २,००,०००।- |

**माडी नगरपालिका वडा नं. ९**
**साविक अयोध्यापुरी गा.वि.स**

| क्र.सं | विवरण | औद्योगिक क्षेत्र | आवासीय क्षेत्र | व्यवसायिक क्षेत्र | कृषि क्षेत्र |
|---|---|---|---|---|---|
| १ | घाघर खोला देखि बगइ बसपार्क सम्मको हुलाकी सडकको दायाँ बायाँ जग्गा | १०,००,०००।- | १०,००,०००।- | १०,५०,०००।- | ३,००,०००।- |
| २ | वडा नं. ९ को भित्रि पिच बाटोको दायाँ बायाँ जग्गा | ८,००,०००।- | ८,००,०००।- | ८,४०,०००।- | ३,००,०००।- |
| ३ | वडा नं. ९ को भित्रि घडेरी जग्गा | ६,००,०००।- | ६,००,०००।- | ६,३०,०००।- | ३,००,०००।- |
| ४ | वडा नं. ९ को बाटो भएको खेती योग्य जग्गा | - | - | - | ३,००,०००।- |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | वडा नं. ९ को बाटो नभएको जग्गा | - | - | - | २,००,०००।- |

**सबै वडाको**

| क्र.सं | विवरण | औद्योगिक क्षेत्र | आवासीय क्षेत्र | व्यवसायिक क्षेत्र | कृषि क्षेत्र |
|---|---|---|---|---|---|
| १ | रिउ खोला पारि अमिलिया र सिमराको बाटो भएको घडेरी | ४,००,०००।- | ४,००,०००।- | ४,२०,०००।- | १,५०,०००।- |
| २ | रिउ खोला पारि अमिलिया र सिमराको बाटो भएको खेतियोग्य | - | - | - | १,५०,०००।- |
| ३ | रिउ खोला पारि अमिलिया र सिमराको बाटो नभएको जग्गा | - | - | - | १,५०,०००।- |

| | | | |
|---|---|---|---|
| सबै वडा | बाँझो जग्गा प्रति कठ्ठा | १४० | |
| सबै वडा | ऐलानी जग्गा र जग्गामा बनेको घरको सेवा शुल्क | मालपोत रकमको ५० प्रतिशत | |
| **नगरपालिका घोषणा हुन भन्दा पहिलेको वक्यौता मालपोत रकम** | | | |
| सबै वडा | एक विगाह क्षेत्रफल सम्म | प्रतिकठ्ठा रु १० | |
| सबै वडा | एक विगाह क्षेत्रफल भन्दा माथी | प्रतिकठ्ठा रु १२ | |

**भूमिकर प्रयोजनका लागि जग्गाको न्यूनतम मूल्याङ्कनको आधारमा देहाय बमोजिम प्रतिकठ्ठा वार्षिक भूमिकर लाग्नेछ।**

| क्र.सं. | प्रतिकठ्ठा न्यूनतम मूल्याङ्कन (रु.) | वार्षिक भूमिकर (रु./कठ्ठा) |
|---|---|---|
| १ | ३,००,००० सम्म | ३५ |
| २ | ३,००,००१ भन्दा माथी | प्रत्येक थप १,००,००० मा रु. ३५ थप हुने |

| | अनुसूची ३ | |
|---|---|---|
| नगरपालिकाले आफ्नो क्षेत्र भित्र लगाउन सक्ने घर जग्गा बहाल करको दर | | |
| क | **घर जग्गा बहाल कर** | **दर** |
| १ | नगरपालिकाले आफ्नो क्षेत्र भित्र घर,पसल, ग्यारेज, गोदाम,शेड, छुप्पर, कारखाना, जग्गा वा पोखरी पुरै वा आशिक रुपमा दिईएकोमा सम्बन्धित घर तथा जग्गा धनीबाट बहाल रकमको | १० प्रतिशत |
| २ | नगरपालिका क्षेत्र भित्र रहेका जग्गा वा पोखरी पुरै वा आशिक रुपमा भाडामा दिइएकोमा सम्बन्धित जग्गा धनीबाट बहाल रकमको | २ प्रतिशत |
| ख | **घर बहाल रकम दर नगरपालिका क्षेत्र अनुसार** | प्रति कोठा |
| १ | बरुवा बजार क्षेत्र | रु.३००० |
| २ | बसन्तपुर बजार क्षेत्र | रु.४००० |
| ३ | कल्याणपुर बजार क्षेत्र | रु.१५०० |
| ४ | किर्तनपुर बजार क्षेत्र | रु.१५०० |
| ५ | देवेन्द्रपुर बजार क्षेत्र | रु.१५०० |
| ६ | माथि उल्लेखित वाहेकका अन्य सबै क्षेत्र | रु.१००० |

| **अनुसूची -४** | | | | |
|---|---|---|---|---|
| **नगरपालिकाले आफ्नो क्षेत्र भित्र लगाउन सक्ने व्यवसाय करको शिर्षक र दर** | | | | |
| क.सं. | **शिर्षकहरु** | **२०८३।०८४ का लागि प्रस्तावित दर** | | |
| | **व्यवसायको किसिम** | **क बर्ग** | **ख बर्ग** | **ग बर्ग** |
| १ | **सेवा व्यवसाय** | **५० लाख भन्दा माथी पूँजी लगानी भएका** | **१० लाख १ देखि ५० लाख सम्म पूँजी लगानी भएका** | **१० लाख सम्म पूँजी लगानी भएका** |
| १.१ | होटल लज | २५०० | २००० | १५०० |
| १.२ | रेष्टुरेन्ट बार क्याफे | २००० | १५०० | १००० |
| १.३ | मदिरा सहितको रेष्टुरेन्ट | २५०० | २००० | १५०० |
| १.४ | मिष्ठान्न भण्डार | २००० | १५०० | १००० |

| | | | | |
|---|---|---|---|---|
| १.५ | चिया पसल | २००० | १००० | ५०० |
| १.६ | होमस्टे | - | १५०० | १००० |
| १.७ | टेन्ट हाउस क्याटरिङ | २५०० | २००० | १५०० |
| १.८ | निर्माण व्यवसाय | ३००० | २५०० | - |
| १.९ | ढुवानी सेवा | २००० | १५०० | १००० |
| १.१० | डेरी उद्योग (दुग्ध तथा दुग्ध जन्य अन्य व्यवसाय) | २५०० | २००० | १००० |
| १.११ | घुमी फिरी वेच्ने प्रति पटक( तरकारी स्थानीय उत्पादन बाहेक) | रु १०० प्रति पटक | | |
| १.१२ | ड्राई क्लिनर्स | २५०० | २००० | १००० |
| १.१३ | धोबी | - | १००० | ५०० |
| १.१४ | पुल हाउस,जिम हल स्केट पार्क आदि | ४००० | ३००० | २००० |
| १.१५ | सैलुन | २००० | १५०० | १००० |
| १.१६ | तलिम दिने समेत व्यूटि पार्लर | २००० | १५०० | १००० |
| १.१७ | व्यूटिपार्लर मात्र | २००० | १५०० | १००० |
| १.१८ | लुगा सहीतको टेलरीङ व्यवसाय | २००० | १५०० | १००० |
| १.१९ | टेलरीङ व्यवसाय मात्र | २००० | १००० | ५०० |
| १.२० | रियल स्टेट | २०००० | १५००० | - |
| १.२१ | आरन व्यवसाय | ५०० | | |
| १.२२ | जुत्ता सिलाई तथा मर्मत | २००० | १००० | ५०० |
| १.२३ | अन्य सेवा व्यवसाय | १००० | | |
| १.२४ | मोवाईल, कम्प्युटर, टिभी, फ्रिज लगायत इलेक्ट्रोनीक सामान विकी तथा मर्मत | ५००० | ३००० | २००० |
| १.२५ | रेडियो, घडी, टेलीफोन, क्यालकुलेटर विकी तथा मर्मत | २५०० | २००० | १५०० |
| १.२६ | इलेक्ट्रिक समानहरुको बिक्री तथा मर्मत | २००० | १५०० | १००० |
| १.२७ | फोटोकपी, फ्याक्स, लेमीनेशन, व्याण्डीङ्ग | २००० | १५०० | १००० |
| १.२८ | आर्ट व्यवसाय | २००० | १५०० | १००० |

| | | | | |
|---|---|---|---|---|
| १.२९ | फोटो,भिडीयो ग्राफिक्स तथा प्रिन्ट | २५०० | २००० | १५०० |
| १.३० | साईकल तथा रिक्सा मर्मत | २५०० | २००० | १५०० |
| १.३१ | अटोमेकानीकल तथा ईन्जिनियरिङ्ग वर्कसप | ४००० | ३००० | २००० |
| १.३२ | टिकट काउन्टर | १००० | | |
| १.३३ | सेफ्टी ट्याङ्की सफा गर्ने पसल दर्ता र नविकरण | २००० | | |
| २ | **उद्योग** | | | |
| २.१ | पानी उद्योग | ५००० | ३००० | २००० |
| २.२ | रिसोर्ट | ५०००० | ३०००० | - |
| २.३ | ब्लक, रिङ, टायल र तारबार पोल उद्योग | ५००० | ३००० | २००० |
| २.४ | मैनबत्ती तथा अगरबत्ती उद्योग | १००० | | |
| २.५ | मसला उद्योग | ५००० | ३००० | २००० |
| २.६ | ग्रिल सटर उद्योग | ६००० | ४००० | २५०० |
| २.७ | सिरक डसना उद्योग( घुमिफीरी व्यवसाय संचालन गर्न नपाइने) | ५००० | ३००० | २००० |
| २.८ | मौरी पालन व्यवसाय | २००० | १००० | ५०० |
| २.९ | ह्यूमपाईप, विद्युतपोल उद्योग | २०००० | १५००० | १०००० |
| २.१० | झोला तयारी गर्ने उद्योग | ५००० | ३००० | २००० |
| २.११ | कन्फेक्सनरी उद्योग | १५००० | १०००० | ५००० |
| २.१२ | मिल (कुटानी, पिसानी, पेलानी,सेलर, होलर, तेल, चिउरा) | ३००० | २५०० | २००० |
| २.१३ | पाउरोटी, बरफ, बिष्कुट तथा दालमोट उद्योग | ५००० | ३००० | २००० |
| २.१४ | पशुआहार फिड्स उद्योग | १५००० | १०००० | ५००० |
| २.१५ | बहुराष्ट्रिय उद्योग | | | २०००० |
| २.१६ | चिप्स उद्योग | ३००० | २००० | १००० |
| २.१७ | छापाखाना तथा कपी, किताब उद्योग | ५००० | ३००० | २००० |
| २.१८ | फर्निचर उद्योग | १०००० | ८००० | ५००० |

| | | | | |
|---|---|---|---|---|
| २.१९ | पोलिथिन तथा अन्य प्लाष्टिकका सामानहरुको उद्योग | १५००० | १०००० | ८००० |
| २.२० | विविद्य प्याकेजिङ उद्योग | ४००० | ३००० | २००० |
| २.२१ | अन्य उद्योग | ४००० | ३००० | २००० |
| ३ | **व्यापारिक वस्तु** | | | |
| ३.१ | सुनचाँदी व्यवसाय | ४००० | ३००० | २००० |
| ३.२ | जुत्ता तथा चप्पल बिक्री | ३००० | २५०० | १५०० |
| ३.३ | पशुआहार विक्री | ४००० | ३००० | २००० |
| ३.४ | एग्रो तथा भेटेरीनरी | ४००० | ३००० | २००० |
| ३.५ | किराना व्यवसाय थोक | ३००० | २५०० | २००० |
| ३.६ | किराना व्यवसाय खुद्रा | २००० | १५०० | १००० |
| ३.७ | सूर्ति जन्य व्यवसाय | ६००० | ४००० | ३००० |
| ३.८ | मिनिरल वाटर, चिसो पेय पदार्थ डिलर | ५५०० | ३५०० | २५०० |
| ३.९ | मादल मर्मत तथा बिक्री | २००० | १००० | ५०० |
| ३.१० | धागो, टाँक, फस्नर पसल | १५०० | १००० | ५०० |
| ३.११ | धातु तथा प्लास्टिक भाँडापसल | ३००० | २००० | १००० |
| ३.१२ | गिफ्ट तथा कस्मेटीक पसल | ३५०० | २५०० | १५०० |
| ३.१३ | घर तथा कार्यलय फर्निसिङ्ग | ४००० | ३००० | २००० |
| ३.१४ | प्लाई, सिसा, कार्पेट आदि बिक्री गर्ने | ३५०० | २५०० | १५०० |
| ३.१५ | फर्निचर सोरुम | ७००० | ५००० | ४००० |
| ३.१६ | अल्मुनियम तथा युपिभीसीका झ्याल ढोका आदि बिक्री गर्ने | ६००० | ४००० | २५०० |
| ३.१७ | सोलार व्यवसाय | १५०० | १००० | ५०० |
| ३.१८ | पान पसल | १००० | | |
| ३.१९ | घुम्ती पसल | ५०० | | |
| ३.२० | **पेट्रोल मात्र** | ६००० | ४००० | ३००० |
| ३.२१ | डिजेल, पेट्रोल | ८००० | ६००० | ५००० |

| | | | | |
|---|---|---|---|---|
| ३.२२ | मट्टितेल | | १५०० | १००० |
| ३.२३ | **ग्याँस सिलिण्डर थोक बिक्रेता** | ३००० | २००० | १००० |
| ३.२४ | खुद्रा विक्रेता | | २००० | १००० |
| ३.२५ | साईकल तथा रिक्सा बिक्री | ३५०० | २५०० | १५०० |
| ३.२६ | **मदिरा बिक्री** | | | |
| | (क) मदिरा थोक बिक्री (वितरक) | १०००० | ८००० | ५००० |
| | (ख) मदिरा खुद्रा बिक्री | ७००० | ५००० | ३००० |
| ३.२७ | मोटर साईकल आदिको पार्टस बिक्री तथा मर्मत | ३००० | २००० | १००० |
| ३.२८ | जिपकार भ्यान सो रुम | २०००० | १५००० | १०००० |
| ३.२९ | मेसिनरी समान तथा उपकरण विक्री | १५००० | १०००० | ५००० |
| ३.३० | मोटर बडी विल्डर्स | १५००० | १०००० | ५००० |
| ३.३१ | टायर मर्मत गर्ने, हावा हाल्ने तथा सिट मर्मत गर्ने | २००० | १५०० | १००० |
| ३.३२ | मोटर साईकल सोरुम | ७००० | ५००० | ३००० |
| ३.३३ | इट्टा बिक्री डिपो तथा संकलन केन्द्र | १०००० | ७००० | ५००० |
| ३.३४ | मैदा मिल | २५०० | १५०० | १००० |
| ३.३५ | डोको, नाम्लो, भकारी, तथा बेतबासका सामानहरु बिक्री | २०० | १००० | ५०० |
| ३.३६ | हार्डवेयर पसल | ६००० | ४००० | ३००० |
| ३.३७ | गल्ला व्यापार (धान, मकै, गहु तथा अन्य खाद्यान्न | ५५०० | ३५०० | २५०० |
| ३.३८ | मेटलको भाँडा, मूर्ति र गरगहना बनाउने व्यवसाय | २००० | १५०० | १००० |
| ३.३९ | माटोको भाँडा बनाउने व्यवसाय | १५०० | १००० | ५०० |
| ३.४० | पुस्तक, स्टेशनरी सामानहरुको बिक्री | २५०० | १५०० | १००० |
| ३.४१ | तयारी कपडा, फेन्सि तथा कस्मेटीक पसल | ३००० | २००० | १५०० |
| ३.४२ | कपडा पसल | ३५०० | २५०० | १५०० |
| ३.४३ | मार्वल, टायल, सेनेटरीका सामानहरुको बिक्री | ५००० | ४००० | ३००० |

| | | | | |
|---|---|---|---|---|
| ३.४४ | कवाडी व्यवसाय | ३००० | २००० | १००० |
| ३.४५ | मोविल ग्रीज लगायत लुब्रिकेन्ट | ४००० | ३००० | २००० |
| ३.४६ | रिचार्ज कार्ड विक्री | १००० | | |
| ३.४७ | मार्ट, डिपार्टमेन्टल स्टोर | ६००० | ५००० | - |
| ४ | **वित्तिय सेवा** | | | |
| ४.१ | बैङ्क वित्तिय सस्था क वर्ग | २५००० | | |
| ४.२ | बैङ्क वित्तिय संस्था ख वर्ग | २०००० | | |
| ४.३ | बैङ्क वित्तिय संस्था ग वर्ग | १५००० | | |
| ४.४ | बैङ्क वित्तिय संस्था घ वर्ग | ६००० | | |
| **सहकारी संस्था** | | | | |
| क | १ करोड सम्म कारोवार भएको | १००० | | |
| ख | १ करोड देखी २ करोड सम्म कारोवार भएको | २००० | | |
| ग | २ करोड देखी ५ करोड सम्म कारोवार भएको | ५००० | | |
| घ | ५ करोड देखी १० करोड सम्म कारोवार भएको | १०००० | | |
| □ | १० करोड भन्दा माथी कारोवार भएको | १५००० | | |
| ४.५ | विमा कम्पनी | ५००० | | |
| ४.६ | रेमिटेन्स सेवा | २५०० | | |
| ५ | **स्वास्थ्य सेवा** | | | |
| ५.१ | चस्मा पसल | | १५०० | १००० |
| ५.२ | अस्पताल र नर्सिङ होम | ५००० | ४००० | |
| ५.३ | पोलीक्लिनिक/क्लिनिक | ५००० | ४००० | |
| ५.४ | डेण्टल क्लिनिक | ५००० | ४००० | |
| ५.५ | डायग्नोस्टिक सेन्टर (दिसा, पिसाव, रगत, जांच) क्लिनिक | ४००० | ३००० | |

| | | | | |
|---|---|---|---|---|
| ५.६ | आयुर्वेद अस्पताल तथा वैकल्पिक चिकित्सा प्रति शैया | ४००० | ३००० | |
| ५.७ | आयुर्वेद क्लीनीक | ४००० | २००० | १५०० |
| ५.८ | फार्मेसी | ३००० | २००० | १००० |
| ६ | **शिक्षा सेवा** | | | |
| ६.१ | ट्यूसन सेण्टर,भाषा तथा कम्प्युटर इन्स्टीच्युट | ४००० | ३००० | २००० |
| ६.२ | **बोडिङ्ग तथा निजी विद्यालय** | | | |
| क | मन्टेश्वरी शिक्षा | | ३००० | |
| ख | प्रा.वि. तहलाई बार्षिक | | ५००० | |
| ग | नि.मा.वि. तहलाई बार्षिक | | ७००० | |
| घ | मा.वि.तहलाई बार्षिक | | १०००० | |
| □ | उच्च मा.वि. तहलाई बार्षिक | | १५००० | |
| ७ | **कृषि तथा पशुपंक्षी जन्य सेवा** | | | |
| ७.१ | **माछा, मासु पसल** | | | |
| ७.२ | राँगा, बंगुर मासु पसल | | २००० | |
| ७.३ | खसी, कुखुरा मासु पसल | | २००० | |
| ७.४ | कुखुराको मात्र मासु पसल | | १००० | |
| ७.५ | माछा पसल | | १००० | |
| ७.६ | तरकारी, फलफूल तथा साग सब्जी पसल | | ५०० | |
| ७.७ | अण्डा बिक्री | | १००० | |
| ७.८ | छाला संकलन तथा बिक्री | | ५०० | |
| ७.९ | केरा, मेवा तथा उखु बगान | | ५०० | |
| ७.१० | मौरी पालन व्यवसाय | | ५०० | |
| ७.११ | पशुपालन फर्म र कृषि फर्म | १५०० | १००० | ५०० |
| ७.१२ | एकिकृत कृषि फर्म | १५०० | १००० | ५०० |
| ७.१३ | कृषि अनुसन्धान केन्द्र/प्रा.लि.अन्तरगंत दर्ता भएका फर्म | ५००० | ३००० | २००० |

| | | | | |
|---|---|---|---|---|
| ७.१४ | आलु, प्याज, लसुन व्यापार | ३००० | २००० | १५०० |
| ७.१५ | **पंक्षी  पालन व्यवसाय** | – | | |
| क | संख्या १००० सम्मको | – | ५०० | |
| ख | संख्या १००१ देखी २००० | – | १००० | |
| ग | संख्या २००१ देखी ५००० | – | २००० | |
| घ | संख्या ५००१ देखी १०००० | – | ३००० | |
| □ | संख्या १०००१ देखीमाथिको २०००० सम्म | – | ५००० | |
| च | संख्या २०००१ देखीमाथि | – | १०००० | |
| छ | ह्याचरी | – | १०००० | |
| ७.१६ | **माछा पालन** | – | | |
| क | १ विगाह सम्मलाई बार्षिक | – | ५०० | |
| ख | २ विगाह सम्मलाई बार्षिक | – | १००० | |
| ग | ३ विगाह भन्दा माथी | – | १५०० | |
| ८ | **विषेशज्ञ सेवा** | – | | |
| ८.१ | इन्जिनियरीङ परामर्श | – | २००० | |
| ८.२ | शैक्षीक परामर्श | – | ३००० | |
| ८.३ | विविद्य परामर्श सेवा | – | २००० | |
| ८.४ | **लेखा परीक्षक** | – | | |
| क | क र ख श्रेणीलाई | – | २००० | |
| ख | ग र घ श्रेणी | – | १००० | |
| ९ | **अन्य सेवा** | | | |
| ९.१. | ड्राईभिङ्ग तथा अन्य ईन्ष्टीच्यूट | ५००० | ३००० | २००० |
| ९.२ | कुरियर | – | २००० | १००० |
| ९.३ | **एफ.एम रेडियो १०० वाट सम्म** | – | | |
| क | सामुदायिक रेडियो संचालन ईजाजत | – | ५००० | |
| ख | सामुदायिक रेडियो संचालन ईजाजत नविकरण | – | ३००० | |
| ग | संस्थागत रेडियो संचालन ईजाजत | – | १०००० | |
| घ | संस्थागत रेडियो संचालन ईजाजत नविकरण | – | ५००० | |
| ९.४ | इन्टरनेट सेवा प्रदायक, टेलिफोन टावर निर्माण ईजाजत | | ५००० | |

| | | | | |
|---|---|---|---|---|
| ९.५ | इन्टरनेट सेवा प्रदायक, टेलिफोन टावर निर्माण ईजाजत नविकरण | - | ३००० | |
| ९.६ | घ वर्ग निर्माण ईजाजत | - | २०००० | |
| ९.७ | घ वर्ग निर्माण ईजाजत नविकरण | - | १०००० | |
| ९.८ | घ वर्ग निर्माण ईजाजत नविकरण थप दस्तुर कार्तिक देखि चैत्र सम्म | - | ३००० | |
| ९.९ | घ वर्ग निर्माण ईजाजत नविकरण थप दस्तुर बैशाख देखि अषाढ सम्म | - | ४००० | |
| ९.१० | गत आ.व.हरुको नविकरण गर्दा अघिल्लो आ.व.मा लाग्ने दस्तुरको | - | शत प्रतिशत जरिवाना | |
| ९.११ | टेलिफोन टावर वार्षिक | - | ५००० | |
| ९.१२ | केवुल प्रसारण | | ५००० | |
| ९.१३ | रासायनिक मल, बिउ विजन, विषादी बिक्री | | ५०० | |
| ९.१४ | भिडियो मिक्सिङ्ग | | १००० | |
| १० | **न्यायिक दस्तुर** | | | |
| १०.१ | फिराद दस्तुर | | २०० | |
| १०.२ | प्रतिउत्तर दस्तुर | | १०० | |
| १०.३ | समाव्हान दस्तुर | | १० | |
| | **कोर्ट फि दस्तुर(विगोको)** | | | |
| १०.४ | रु २००० सम्म | | रु १०० | |
| १०.५ | रु २००० देखि २५००० सम्म | | ४ प्रतिशत | |
| १०.६ | रु २५००० देखि ७५००० सम्म | | ३ प्रतिशत | |
| १०.७ | रु ७५००० देखि १५०००० सम्म | | २ प्रतिशत | |
| १०.८ | १५०००० माथी | | १.५ प्रतिशत | |
| **११** | **मेला महोत्सव अनुमती शुल्क** | | | |
| ११.१ | ३ दिन सम्म | | ५००० | |
| ११.२ | ३ दिन भन्दा माथी | | २०००० | |

| | | | |
|---|---|---|---|
| अनुसूची ५ | | | |
| **नगरपालिकाले आफ्नो क्षेत्र भित्र लगाउन सक्ने जडीबुटी, कवाडी र जिवजन्तु करको दर** | | | |
| | **नाम** | **ईकाई** | दर |

| | | | |
|---|---|---|---|
| क) | जडिबुटी **कवाडी र जिवजन्तु** | | |
| १ | उन (प्राकृतिक, कृत्रिम र जगर) | प्रतिके.जी. | रु १ |
| २ | खोटो | प्रतिके.जी. | रु २ |
| ३ | बनकस (खर,बाबियो,मलहन पत्ता,छ्वाली, पराल,वाँस वागास,निगालो,लोक्ता,पटेर,अम्लिसो कुचो) | प्रतिट्रक | रू.१००० |
| | | प्रति ट्र्याक्टर | रू.५०० |
| | | गाडा | रू.२०० |
| ख) | **कवाडी समान** | | |
| १ | ठुलो ट्रक | | रु.२००० |
| २ | मिनी ट्रक | | रु.१००० |
| ३ | ट्र्याक्टर/ पिकअप | | रु.५०० |
| कोकाकोला, फेन्टा,पेप्सी लगायतका पेय पदार्थको सिसाका क्रेट सहितका वोतल कवाडी समान अन्तर्गत नपर्ने | | | |

| | | | |
|---|---|---|---|
| | अनुसूची ६ | | |
| नगरपालिकाले आफ्नो क्षेत्र भित्र लगाउन सक्ने सवारी साधन करको दर | | | |
| **क)** | **अटो रिक्सा तथा ठेला दस्तुर** | **दर** | |
| १ | रिक्सा तथा ठेला वार्षीक कर | ३०० | |
| २ | ठेला नामसारी | १०० | |
| ३ | अटो रिक्सा दर्ता शुल्क | ५०० | |
| ४ | रूट परमिट | १००० | |

| | | |
|---|---|---|
| अनुसूची ७ | | |
| **नगरपालिकाले आफ्नो क्षेत्र भित्र लगाउन सक्ने विज्ञापन करको दर** | | |
| **क)** | **होर्डिङ बोर्ड सहितको विज्ञापन सामग्रीको बार्षिक दस्तुर** | **दर** |
| १ | १२ वर्ग फिट सम्म | १००० |
| २ | सो भन्दामाथि ३० वर्ग फिट सम्म | १५०० |
| ३ | सो भन्दामाथि प्रति वर्ग फिट सम्म | ५० |
| ४ | भित्ते लेखन प्रति प्रति वर्ग फिट | २५ |
| ५ | १२ वर्ग फिट सम्म प्रति व्यानर | ४० |

| | | |
|---|---|---|
| ६ | १२ वर्ग फिट भन्दा माथि प्रति व्यानर | ६० |
| ७ | पोलमा राख्ने बोर्ड ३x३ सम्म को मात्रदिने गरि प्रति एक | ७५० |
| ८ | फ्लेक्स बोर्ड व्यापार ब्यबसाय १२ वर्ग फिट सम्म बार्षिक पसलबाहिरको | १००० |
| ९ | फ्लेक्स बोर्ड व्यापार ब्यबसाय १२ वर्ग फिट भन्दा माथि बार्षिक पसल बाहिरको | १५०० |
| १० | आफ्नो ब्यबसायको वाल वा भित्तामा व्यबसाय परिचयको लागि राखिएको व्यबसायीलाई ४x५ एक थान सम्मको बोर्डको रकम | निशुल्क |
| ११ | सामान्य व्यानर, पोल व्यानर दस्तुर प्रति वर्ग फिट | २५ |
| १२ | निजि सम्पति भवन, टहरा, जग्गा समेतमा विज्ञापन गरे बापतको कर नगरपालिकाले लिन पाउनेछ | |

| | | | |
|---|---|---|---|
| | अनुसूची ८ | | |
| **नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने बहाल बिटौरी करको दर** | | | |
| | **नाम** | **दर** | |
| १ | नगरपालिकाले आफुले निर्माण, रेखदेख वा संचालन गरेको हाट बजार र सार्वजनिक स्थल, ऐलानी जग्गामा बनेका घर , टहरा वा बाटो छेउमा अस्थाई पसल थाप्न दिए बापत तोकिए बमोजिमको तपशिलमा उल्लेख भए बमोजिम बहाल विटौरी असुल गरिने छ | | |
| | **भवन** | | |
| १ | हुलाकी सडक सँग जोडिएको पक्की घर प्रति वर्ग फुट | ३० | |
| २ | भित्रि पक्कि सडक सँग जोडिएको पक्की घर प्रति वर्ग फुट | २० | |
| ३ | अन्य सडक सँग जोडिएको पक्की घर प्रति वर्ग फुट | १० | |

| | | | |
|---|---|---|---|
| | अनुसूची ९ | | |
| नगरपालिकाले आफ्नोक्षेत्र भित्र लगाउन सक्ने पार्किङ्ग शुल्कको दर | | | |
| **क्र.स.** | **नाम** | **दर** | |
| १ | हेभी सवारी साधन | १०० | |
| २ | हल्का सवारी साधन अटो रिक्सा | ५० | |
| ३ | मोटरसाइकल , साइकल | २० | |

| |
|---|
| **अनुसुचि १०** |
| **नगरपालिकाले आफ्नो क्षेत्र भित्र लगाउन सक्ने सेवा शुल्क दस्तुरको दर** |

| क्र.सं. | विवरण | २०८३□०८४ को लागि दर | |
|---|---|---|---|
| १ | व्यक्तिगत घटना दर्ताको विलम्व शुल्क | २०० | |
| २ | व्यक्तिगत घटना दर्ताको नक्कल दस्तुर | ५०० | |
| ३ | व्यक्तिगत घटना दर्ता किताव हेरेको दस्तुर | २०० | |
| ४ | कन्सुलर प्रमाणीत | १०० | |
| ५ | समाजिक सुरक्षा परीचय पत्र प्रतिलिपी | १०० | |
| ६ | सुचि दर्ता | ५०० | |
| **सिफारिस दस्तुर तर्फ** | | | |
| ७ | अंग्रेजीमा गरीने सवै सिफारिसहरुको प्रति सिफरिस | ५०० | |
| ८ | नागरीकता सिफारिसः | | |
| ९ | वंशज | ३०० | |
| १० | अंगिकृत तथा गैह्र आवासिय नागरीकता | ५०० | |
| ११ | अपाङ्ग असहाय, बिपन्न छात्रावृत्ति, विद्यालय भर्ना सिफारिस, सामाजीक सुरक्षा भत्ता प्रयोजनका लागि गरिने सिफारीस तथा प्रमाणीत, विपद् राहत सिफारीस, योजना सम्झौता, भुक्तानी सम्बन्धी सिफारिस, विपन्न सिफारिस,बैदेशिक रोजगारीको क्रममा भएको मृत्युको सिफारीस तथा प्रमाणित, वाली तथा पशुको विमादावी सिफारीस | निशुल्क | |
| १२ | नाता प्रमाणित, नाता कायम | ५०० | |
| १३ | पारिवारीक विवरण | ५०० | |
| ११ | वसोवास प्रमाणित | ३०० | |
| १२ | नावालक सिफारिस | ३०० | |
| १३ | जन्म मिति प्रमाणित | ३०० | |
| १४ | विवाहित तथा अविवाहित सिफारिस दस्तुर | ३०० | |
| १५ | व्यक्ति प्रमाणित | ३०० | |
| १६ | बाटो प्रमाणित | ५०० | |
| १७ | विमादावी प्रमाणित | ३०० | |
| १८ | लिखत प्रमाणित | ५०० | |
| १९ | चारीत्रिक प्रमाणित | ३०० | |
| **खानेपानी जडान,नामसारी,ठाउँ सारी दस्तुर** | | | |
| २० | विद्युत जडान, नामसारी,ठाउसारी दस्तुर (घरयासी) | ३०० | |
| २१ | विद्युत जडान,नामसारी,ठाउसारी दस्तुर (थ्री फेज,उद्योग) | ५०० | |
| २२ | निजी ट्रान्सफरमर सिफारिस | ५००० | |
| २३ | व्यवसाय दर्ता तथा संचालनका लागि घरेलुमा गरीने सबै प्रकारका सिफारीस | ५०० | |

| | | | |
|---|---|---|---|
| २४ | न.पा.मा दर्ता भएकाहरुको व्यवसाय वन्द तथा नाम परिवर्तन दस्तुर | ५०० | |
| २५ | न.पा.मा दर्ता नभएकाहरुको व्यावसाय वन्द तथा नाम परीवर्तन दस्तुर (लाग्ने वक्यौता कर सवै लिएर) | ५०० | |
| २६ | व्यावसाय नामसारी, ठाउसारी दस्तुर | ५०० | |
| २७ | व्यावसाय थप घट गरि प्रतीलिपी सिफारीस | ३०० | |
| २८ | घर तथा जग्गा नामसारी सिफारीस दस्तुर | ५०० | |
| **घर वाटो सिफारीस दस्तुर** | | | |
| २९ | मुख्य पिचबाटो मगुई देखि बादरमुडे सम्म | १५०० | |
| ३० | मुख्य पिचबाटो वनकट्टा देखि मगुई खोला र बादरमुडे देखि घागर खोला सम्म | १२०० | |
| ३१ | मुख्य पिचबाटो घागर देखि बगई सम्म | १००० | |
| ३२ | भित्री पिचबाटोले छोएको सवै क्षेत्रको जग्गा | ८०० | |
| ३३ | ग्रावेल बाटो भएको सवै क्षेत्रको जग्गा | ६०० | |
| ३४ | बाटो नभएको सवै क्षेत्रको जग्गा | ५०० | |
| ३५ | एक पटक न.पा.वाट लिएका सिफारीस तथा प्रमाणपत्र पुनः दरपिठ दस्तुर | ५०० | |
| ३६ | आयश्रोत खुलाई गरिने छात्रवृत्ती शुल्क | ३०० | |
| ३७ | सामाजिक संस्था दर्ता शुल्क | १००० | |
| ३८ | संस्था दर्ता तथा नविकरण सिफारीस दस्तुर | ५०० | |
| ३९ | समुह वा सहकारी दर्ता प्रमाणपत्र समेत | ५०० | |
| ४० | समुह वा सहकारी दर्ता प्रमाणपत्र संसोधन, प्रतलिपी | ५०० | |
| ४१ | समुह नविकरण | २०० | |
| ४२ | अन्य सिफारीस दस्तुर वापत | ३०० | |
| ४३ | नक्सापास किताव दस्तुर | ५०० | |
| ४४ | व्यावसाय प्रमाणपत्र दस्तुर | १०० | |
| **बैङ्कीङ प्रयोजनका लागि मुल्याडकन दस्तुर** | | | |
| ४५ | पाँच लाख सम्म | ५०० | |
| ४६ | पाँच लाख भन्दा माथी रु ५०० पछिको रकममा | प्रतिलाख २०० को दरले थप(०.००२) दूई पैसाका दरले | |
| **वैदेशिक प्रयोजनका लागि मुल्याङ्कन दस्तुर / आम्दानी प्रमाणित** | | | |
| ४७ | पच्चिस लाख सम्मका लागि | २००० | |
| ४८ | पच्चिस लाख देखि पचास लाख सम्मका लागि | २५०० | |
| ४९ | पचास लाख देखि पचहत्तर लाख सम्म | ३५०० | |
| ५० | पचहत्तर लाख देखि १ करोड सम्म | ४५०० | |

| | | | |
|---|---|---|---|
| ५१ | १ करोड देखि १ करोड पचास लाख सम्म | ६००० | |
| ५२ | १ करोड ५० लाख देखि २ करोड सम्म | ८००० | |
| ५३ | दुई करोड देखि दुई करोड पचास लाख सम्म | १०००० | |
| ५४ | दुई करोड पचास लाख देखि तिन करोड सम्म | १५००० | |
| ५५ | तिन करोड भन्दा माथीको १५००० पछिको रकममा प्रति सय | प्रति सय पाच पैसाका दरले | |
| ५६ | चार किल्ला प्रमाणीत सिफारीस ५ कठ्ठा सम्म | ५०० | |
| ५७ | चार किल्ला प्रमाणीत सिफारीस ५ कठ्ठा भन्दामाथी | १००० | |
| **ठेला जरिवाना न.पा.ले निषेध गरेको स्थानमा पाईएमा** | | | |
| ५८ | पाहिलो पटक | ३०० | |
| ५९ | दोस्रो पटक | ६०० | |
| ६० | तेस्रो पटक | १००० | |
| ६१ | चौथो पटक जफत गरि नम्बर खारेज गर्ने | | |
| ६२ | नम्बर नभएका ठेला पहिलो पटक १५ दिन पछि दिने | ३०० | |
| ६३ | नम्बर नभएका ठेला दोस्रो पटक भेटेमा जफत गर्ने | | |
| **अमिन खटाउंदा लिने सेवा शुल्क** | | | |
| ६४ | विवादित जग्गाको हकमा (मेलमिलाप तथा न्यायिक समितीवाट भएको सिफारिस अनुसार ३ कित्ता सम्म) | १००० | |
| ६५ | विवादित जग्गाको हकमा (३ कित्ता भन्दा माथि थप तिन कित्ता सम्मको लागि) | १००० | |
| ६६ | ३ कित्ता सम्म | २००० | |
| ६७ | ३ कित्ता भन्दा माथि थप तिन कित्ता सम्मको लागि | २००० | |
| ६८ | कुलो बाटो छुट्याउने | २००० | |
| ६९ | सम्पतिकर को रसिद प्रतिलिपि शुल्क | ५० | |
| ७० | सम्पतिकर दाखिला फारम | निशूल्क | |
| ७१ | नागरिकता अनुसूची फारम | निशूल्क | |
| ७२ | विपद् व्यबस्थापन कोष शुल्क सम्पति करमा थप गरी लिने | ५० | |
| ७३ | स्थानिय सडक विद्युत शुल्क (बार्षिक) | २०० | |
| **फोहरमैला व्यवस्थापन सेवा शूल्क (प्रति महिना)** | | | |
| ७४ | ठुला होटल लज समेत | २०० | |
| ७५ | साना होटल | १५० | |

| | | | |
|---|---|---|---|
| ७६ | आवासिय घर | ५० | |
| ७७ | तरकारी पसल | १५० | |
| ७८ | बैङ्क सहकारी विमा कम्पनी आदी | २०० | |
| ७९ | कपडा तथा फेन्सी स्टोर्स | १५० | |
| ८० | मेडिकल क्लिनिक आदि | १५० | |
| ८१ | फ्रेस हाउस | १७५ | |
| ८२ | ग्यारेज चारपाङ्ग्रे सवारी | २०० | |
| ८३ | ग्यारेज दुइ पाङ्ग्रे सवारी | १५० | |
| ८४ | किराना पसल होलसेल | १७५ | |
| ८५ | किराना पसल खुद्रा | १५० | |
| ८६ | ग्रिल सटर उद्योग | १७५ | |
| ८७ | सैलुन तथा व्युटी पार्लर | १५० | |
| ८८ | हार्डवयेर | २०० | |
| ८९ | फर्निचर | २५० | |
| ९० | टायर मर्मत | १७५ | |
| ९१ | ठेला पसल | १०० | |
| ९२ | सिसा पसल | १७५ | |
| ९३ | सुनचाँदी पसल | १०० | |
| ९४ | पुस्तक पसल | १०० | |
| ९५ | संस्थागत विद्यालय | २०० | |
| ९६ | फलफुल तरकारी पसल होलसेल | १५० | |
| ९७ | फलफुल तरकारी पसल खुद्रा | १०० | |
| | **प्रकृती नखुलेका अन्य पसल तथा व्यवसाय** | | |
| ९८ | ठुला व्यवसाय ५० लाख भन्दा माथि पुँजी भएका | २०० | |
| ९९ | मझौला व्यवसाय ५० लाख भन्दा कम पुँजी भएका | १५० | |
| १०० | साना व्यवसाय १० लाख भन्दा कम पुँजी भएका | १०० | |
| | **न.पा.सभाहल भाडा** | | |
| १०१ | न.पा.सभाहलको भाडा प्रतिदिन | १५०० | |

| | | | |
|---|---|---|---|
| १०२ | न.पा.सभाहलको भाडा प्रति घण्टा | ४०० | |

| | **अनुसूची ११** | | |
|---|---|---|---|
| **नगरपालिकाले आफ्नो क्षेत्र भित्र लगाउन सक्ने घर नक्सा पासदस्तुरको दर** | | | |
| **क्र.सं.** | **विवरण** | २०८३।०८४ **दर** प्रतिबर्ग फिट | कैफियत |
| | **घरको बनावट** | | |
| (क) | **RCCफ्रेम स्टक्चर तर्फ** | | |
| १ | जमिन तला | ५ | |
| २ | प्रथम तला | ६ | |
| ३ | दोस्रो तला | ७ | |
| ४ | तेस्रो तला | ९ | |
| ५ | चौथों तला | ११ | |
| ६ | चौथों तथा सो भन्दा माथि | १३ | |
| **(ख)** | **लोडवेयरिङ्ग स्टक्चर तर्फ** | | |
| १ | जमिन तला | ४ | |
| २ | प्रथम तला | ५ | |
| ३ | दोस्रो तला सम्म | ६ | |
| **(ग)** | **ईट्टालाई सिमेन्ट वा माटोको जोडाई गरी बनेको जस्ताको छाना भएको घर** | | |
| १ | जमिन तला | ३ | |
| २ | खुला ट्रस ( स्टिल पोष्ट वा आर सि सी वा इट्टाको पिल्लर वा काठको खाँवामा जस्ताको छाना भएको फलामे जालीले बारेका शेडहरु ) | ३ | |
| ३ | जमिन तहबाट २ देखि ३ फिट सम्म पिसीसी व्लक वा इटाको गारो लगाइ सो भन्दा माथी फलामे जालीले बारेका शेडहरु | ४ | |
| ४ | स्टिल स्टक्चर | ३।५ | |
| ५ | कम्पाउण्डवाल रनिङ फिट | २ | |

| | | | |
|---|---|---|---|
| घ) | **पुरानो घर अभिलेखिकरण दस्तूर** | | |
| (क) | **RCC फ्रेम स्टक्चर तर्फ** | | |
| १ | जमिन तला | ३ | |
| २ | प्रथम तला | ३।५ | |
| ३ | दोस्रो तला | ४ | |
| ४ | तेस्रो तला | ४।५ | |
| ५ | चौथों तला | ५ | |
| ६ | चौथों तथा सो भन्दा माथि | ५।५ | |
| **(ख)** | **लोडवेयरिङ्ग स्टक्चर तर्फ** | | |
| १ | जमिन तला | ३ | |
| २ | प्रथम तला | ४ | |
| ३ | दोस्रो तला | ५ | |
| ४ | तेस्रो तला | ६ | |
| **(ग)** | **ईट्टालाई सिमेन्ट वा माटोको जोडाई गरी बनेको जस्ताको छानाभएको घर** | | |
| १ | जमिन तला | २ | |
| २ | प्रथम तला | ३ | |
| ३ | कम्पाउण्डवाल रनिङ फिट | १ | |
| ४ | कच्ची घर (खर,ढुङ्गा,खपेटा, तथा फुसको छाना भएका) | १ | |
| (घ) | नक्सा पास प्रमाण पत्र दस्तुर (नयाँ घर) | ५०० | |
| (ङ) | घर नक्सा नामसारी दस्तुर तथा प्रतिलीपी दस्तुर | २५०० | |

| **अनुसूची १२** | | | |
|---|---|---|---|
| **नगरपालिकाले आफ्नो क्षेत्र भित्र लगाउन सक्ने ढुङ्गा गिट्टी, बालुवा एवम् माटो जन्य बस्तुको सेवा शुल्क दर** | | | |
| **क्र.सं.** | **विवरण** | **२०८३□०८४ को दर प्रति घन मिटर लोडि□ र मु.अ कर समेत** | |
| १ | सडकको वेस | १६५० | |

| | | | | |
|---|---|---|---|---|
| २ | २० मि.मी. डाउनगि□ | १७०० | | |
| ३ | नेचुरल गिट्टी | १३०० | | |
| ४ | वासिङ्ग तथा प्रशोधित बालुवा | ८५० | | |
| ५ | स्टोन डस्ट | १५०० | | |
| ६ | ग्राबेल निकासी सिफारीस सेवा शुल्क | प्रती घ.मी. | रु.८३।३३ | नगरपालिकाको साधनले गर्ने बाहेकका योजना |
| ७ | ग्राबेल,गोलो ढुङ्गा निकासी सिफारीस सेवा शुल्क (नगर वासी घरेलु प्रयोजन) | प्रती घ.मी. | रु.३३.३३ | |
| ८ | न.पा.को अनुमती नलिई नदि जन्य पदार्थ उत्खनन गरेमा जरीवाना | प्रती ट्रायक्टर | रु.१०००। | |
| ९ | अस्थायी क्रसर प्लान्ट संचालन अनुमती शुल्क | | रु.२००००। | |

| अनुसूची १३ | | | | | | |
|---|---|---|---|---|---|---|
| मेसिनरी औजार, हेभी उपकरणको परिचालन गरे वापत लगाउन सक्ने करको दर | | | | | | |
| क्र.सं. | यान्त्रिक उपकरणको नाम | ईकाई | भाडादर | | कैफियत | |
| | | | नगरपालिका कार्यक्रम भित्र | नगरपालिकाको वार्षिक कार्यक्रम भन्दा बाहिर | | |
| १ | एक्साभेटर | प्रतिघण्टा | ५००० | ६००० | | |
| २ | ग्रेडर | प्रतिघण्टा | ६५०० | ७५०० | | |
| | | प्रतिदिन | ५०००० | ६०००० | इन्धन,भत्ता बाहेक | |
| ३ | रोलर | प्रतिघण्टा | ४५०० | ५५०० | | |
| | | प्रतिदिन | ४५००० | | | |
| | ब्याक्हो लोडर | प्रतिघण्टा | २५०० | | | |
| ५ | ट्रीपर ६ घ.मी. | प्रति ट्रीप | ९०० | | ०-२ कि .मि | |
| | | | १५०० | | २-५ कि मि | |
| ६ | ट्रीपर १२ घ.मी. | प्रति ट्रीप | २५०० | ३००० | ०-२ कि मि | |
| | | प्रति ट्रीप | ४००० | ४५०० | २-५ कि मि | |
| | | प्रति दिन | | १०००० | इन्धन,भत्ता बाहेक | |
| | | ५ किमी भन्दा माथि प्रति किमी रु.५०० ले थप लाग्ने | | | | |
| ७ | ट्राक्टर ४ घन मि. | प्रति ट्रीप | | १००० | १००० | ०-२ कि मि |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | १२०० | १२०० | २-५ कि मि |
| | | ५ किमी भन्दा माथि प्रति किमी रु.२०० ले थप लाग्ने | | | |
| ८ | ट्राक्टर ३ घन मि. | | ८०० | ८०० | ०-२ कि मि |
| | | | १००० | १००० | २-५ कि मि |
| | | ५ कि मी भन्दा माथि प्रति किमी रु.२०० ले थप लाग्ने | | | |
| ९ | पानीट्यांकी ७००० लि. | प्रति ट्यांकी | | २००० | |
| १० | ढुवानी भाडा १२ घ.मि ट्रिपर क्रसर प्लान्ट संचालित स्थलवाट | | | | |
| ११ | ०-५ कि.मी. सम्म (वडा ३, ५ र ६ ) | | | ४००० | |
| १२ | ६-१० कि.मी. सम्म( वडा ७, ४ ) | | | ५००० | |
| १३ | ११-१५ कि.मी. सम्म( वडा १, २, ८ र ९) | | | ६००० | |
| १४ | लोडीङ प्रती घ.मि. | | | ५० | |

| | | |
|---|---|---|
| **अनुसुची -१४** | | |
| **दफा १६ बमोजिम लगाउन सक्ने विविध करको दर** | | |
| क्र.सं. | विवरण | **दर (बार्षिक)** |
| क) | शैक्षिकप्रमाण पत्र प्रतिलिपि | रु २०० |
| ख) | शैक्षिकप्रमाण पत्र संसोधन | रु १०० |
| | परिक्षा शुल्क( संस्थागत विद्यालय कक्षा-८ ) प्रति विद्यार्थी | रु.३०० |
| **अभिलेख कायम दस्तुर** | | |
| क) | प्राथमिक तृतीय श्रेणी | रु.५०० |
| ख) | नि.मा. तृतीय श्रेणी | रु.७०० |
| ग) | मा.वि. तृतीय श्रेणी | रु.१००० |
| घ) | विद्यालय कर्मचारी र वा.वि.के.का स.का | रु.२०० |
| ङ) | विद्यालय सहयोगी | रु.१०० |
| **आवेदन दस्तुर** | | |
| क) | माध्यमिक तह/ अधिकृत स्तर | रु.२००० |
| ख) | निमावि तह / | रु.१५०० |
| ग) | प्राथमिक तह/ सहायक स्तर | रु.१००० |
| घ) | पुर्व प्राथमिक तह/ कार्यालय सहयोगी | रु.५०० |

| | | |
|---|---|---|
| ङ) | परीक्षा शुल्क ( संस्थागत विद्यालय कक्षा-८ ) प्रति विद्यार्थी | रु.३०० |
| | **कृषि तथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर** | |
| च) | माछा प्रति गाडी | रु. ३०० |

| **अनुसूची १५** | | |
|---|---|---|
| **नगरपालिकाले आफ्नो क्षेत्र भित्र लगाउन सक्ने पर्यटन शुल्कको दर** | | |
| पर्यटकीय स्थल | | **करका दरहरु** |
| **क) सोमेश्वर गढी** | | |
| १. | अन्य विदेशी नागरिक | रु.१०० |
| २. | भारतिय नागरिक | रु.५० |
| ४ | नेपाली नागरिक | रु.२० |
| चैत्र दशै भन्दा नौ दिन अगाडी देखि चैते दशैंको दिन सम्म निशुल्क | | |
| **ख) पुष्प मदन वाटिका** | | |
| १. | विदेशी नागरिक | रु.१०० |
| २. | स्वदेशी नागरिक | रु.२० |
| ३. | भारतिय नागरिक | रु.५० |
| | वाटिका भित्रका निम्न मनोरञ्जनात्मक स्थलहरुमा तपसिल बमोजिमको शुल्क लाग्ने छ। | |
| ४. | सुइमिङ पुल | रु.१०० |
| ५. | स्काइ चेयर प्रति व्यक्ति | रु.१०० |
| ६. | हवाईजहाज पिङ | रु.१०० |
| वाटिका भित्रका अन्य मनोरञ्जनात्मक स्थलहरुमा तोकिए बमोजिमको शुल्क लाग्ने छ। | | |
| **ग) रेडहिल पार्क** | | |
| १. | भारतिय नागरिक | रु.५० |
| २. | विदेशी नागरिक | रु.१०० |
| ३. | स्वदेशी | रु.२० |
| **घ) बैकुण्ठ धाम क्षेत्र** | | |
| १. | विदेशी नागरिक | रु.१०० |
| २. | भारतीय नागरिक | रु.५० |
| ३. | स्वदेशी नागरिक | रु.२० |
| **क) वाल्मिकी आश्रम सरसफाइ शुल्क सरसफाइ शुल्क प्रति व्यक्ति प्रति पटक** | | |
| १. | विदेशी नागरिक | रु.१०० |
| २. | भारतीय नागरिक | रु.५० |
| ३. | स्वदेशी | रु.२० |

| | | |
|---|---|---|
| **ख) अयोध्याधाम क्षेत्र सरसफाइ शल्क प्रति व्यक्ति प्रति पटक** | | |
| १. | विदेशी नागरिक | रु.१०० |
| २. | भारतिय नागरिक | रु.५० |
| ३. | स्वदेशी नागरिक | रु.२० |
| **क) पर्यटकिय स्थलमा बनभोज तथा सुटिङ्ग** | | |
| १. | २० जना सम्म | रु. ३०० |
| २. | २१ देखि ४० जना सम्म | रु. ५०० |
| ३. | ४० जना भन्दा माथी | रु. १००० |
| ४. | सुटिङ्ग प्रतिदिन | रु. १०००० |
| ख | **जफत जरिवाना** | |
| १ | बिगो र बिगो बराबरको जरिवाना | |
| २ | अनुमति नलिई घुमि फिरि बेच्ने | सामान जफत |
| ३ | दोस्रो पटक अनुमति नलिई घुमि फिरि बेच्ने | बिगो र बिगो बराबरको जरिवाना |
| | **घुमि फिरि बेच्ने** | |
| १ | २० हजार सम्मको दैनिक | रु.५० |
| २ | ५० हजार सम्मको दैनिक | रु.७५ |
| ३ | सो भन्दा माथि दैनिक | रु.१०० |
| ४ | स्थानीय कृषि उत्पादन | निः शुल्क |